


त्रैमासिक पत्रिका छाल वर्ष – २ अङ्क – २ कार्तिक

# सम्पादकीय

## महिलाको श्रमको सम्मान पहिचान र मान्यता सहितको सामाजिक रुपान्तरण

सामाजिक रुपान्तरणको प्रमुख आधार भनेको सदियौंदेखि राज्यको स्रोत र साधनबाट पाखा लगाइएका वर्ग र समूहहरुको त्यस्ता स्रोत र साधनमाथिको अधिकार स्थापना हुनु हो । सामन्तवादी राज्य व्यवस्थाले केही सीमित व्यक्ति र समूहको कब्जामा राज्य र समाजका श्रोतहरु राख्नका लागि ठुलो समूहलाई उत्पादनका साधनबाट वञ्चित गर्छ । त्यसप्रकारको वञ्चितीकरणका लागि आफू सुहाउँदो नीति बनाउँछ । नेपाल, लामो समयदेखि पितृसत्तात्मक सामन्तवादी व्यवस्थाबाट शासित राज्य हो । यहाँको शासन व्यवस्थाले दलित, आदिवासी, रैथाने व्यक्तिहरुलाई उनीहरुको उत्पादनका साधनको रुपमा रहेको श्रम, भूमि र प्राकृतिक श्रोतहरुबाट विभिन्न सामाजिक, राजनीतिक नीतिहरु तयार गरेर वञ्चितीकरण गरी उनीहरुको श्रम र शरीरमाथि शोषण गरेको पुष्टि गर्ने हाम्रा धैरे आधारहरु छन् । हलिया प्रथा, कमैया प्रथा, बादी महिलाको शोषण जस्ता उदाहरणहरुले त्यसलाई पुष्टि गर्दछन् । त्यस्तो व्यवस्था लोकतान्त्रिक व्यवस्थाको लागि मान्य हुन सक्दैन भन्ने मान्यताले नै देशमा लोकतान्त्रिक आन्दोलनको सफलतासँगै २०६५ साल भाद्र २१ गते हलिया प्रथा उन्मूलन भएको घोषणा र २०५७ सालको श्रावण २ गते कमैया प्रथा उन्मूलनको घोषणा गर्दै नेपालको संविधानलाई भेदभावमुक्त देश बनाउने हिसाबले तयार गरिएको हो। यी केही सकारात्मक पहल हुन् । तर ती प्रथाभित्र पनि महिलालाई श्रमिकको रुपमा नलिनु, उनको पुनर्स्थापनाका लागि केही भरपर्दो पहल नहुनुलाई यो देश लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भए पनि अझै महिलाको श्रम पनि श्रम हो, महिला पनि श्रमिक हुन् भन्ने मान्न तयार छैन भन्ने तथ्य अगाडि छ । यसको फलस्वरूप अझै हलिया, कमैयाको उचित पुनर्स्थापना हुन सकेको छैन । बादी महिलाहरु माथिको शोषण कायम छ । दलितहरुको कामको सम्मान छैन बरु काम स्वीकार्ने तर दलित छोइने परम्परा अझै छ । यस्ता किसिमका व्यवहारमा रुपान्तरण नहुँदासम्म देश संविधानको मर्म अनुरुपको समानतामा आधारित देश बन्न सक्दैन ।

सामन्तवादी व्यवस्थाले वर्ग निर्माण गर्छ । स्रोतमाथिको पहुँच हुने समूहलाई एउटा वर्गमा राख्छ

दिगो एकीकरण हाम्रो अभियान

Tarangini foundation

भने नहुनेलाई अर्को वर्गमा राख्छ । सोही नीति आत्मसात गर्दै पितृसत्ताले महिलाको श्रममाथि नियन्त्रण गर्छ । महिलाको श्रमलाई कर्तव्यको दायरामा बाँध्दै उनको उत्पादनको साधनमा पहुँच सीमित गर्दछ । महिलाको पहिचान दोस्रो दर्जामा बनाई राख्न महिलाले गर्ने कामहरूलाई कम मूल्य दिन्छ वा मूल्य नै दिदैंन । महिलाको शरीर र यौनिकतामाथि नियन्त्रण गर्दै यौन श्रममाथिको शोषण निरन्तर राख्दछ । फलस्वरूप समुदाय तहदेखि राष्ट्रिय तहसम्मका महिला हुन् वा घरेलु श्रमदेखि कल कारखाना, कृषि, मनोरञ्जन वा अन्य महिलाले बढी काम गर्ने क्षेत्र हुन्, त्यसलाई अनौपचारिक क्षेत्र बनाई उनको श्रमलाई अवमूल्यन गर्छ । दोस्रो दर्जामा स्थापित गर्दछ । यसरी महिलाको कामको अवमूल्यन गर्न विभिन्न मूल्य मान्यताको प्रवर्धन गर्दछ । सामाजिक र राजनीतिक नीति निर्माण गर्दछ । यस्ता नीतिहरुमा परिवर्तन नभएसम्म सरकारद्वारा महिला सशक्तीकरणको आर्थिक अधिकार संरक्षण/सुनिश्चतताका लागि गरिएका कार्यक्रम हुन् वा भर्खरै तयार गरिएको वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरुको निम्ति तयार गरिएको पुनर्स्थापना नीति होस्, कुनैको पनि कार्यान्वन हुन सक्दैन । भए पनि अपेक्षित परिणाम दिन सक्दैन । यसर्थ, महिलाको समानताको अधिकार सुनिश्चित गर्नका लागि पहिलो शर्तको रुपमा उनको उत्पादनको साधनमा पहुँच बढाउनु आवश्यक छ । त्यसका लागि उनको श्रमलाई श्रम हो भन्ने कानुनी र सामाजिक मान्यता स्थापित गर्दै महिलाको श्रमलाई हेर्ने विभेदकारी दृष्टिकोणमा परिवर्तनका लागि अभियान चलाउनु पर्दछ ।

## मेरो श्रम पनि श्रम हो

नाम: माइली तामाङ

उमेर: ४९ वर्ष

पेशा: घरेलु श्रमिक

शिक्षा: निरक्षर

विवाह हुँदाको उमेर: १४ वर्ष

वैवाहिक अवस्था: विवाहित



उनी माइली  छोरी हुन् त्यसैले उनको नाम माइली तामाङ रहन गयो । उनी १६ वर्षको हुँदा उनको मागी विवाह भएको हो । उनको घर सिवाली गाउँपालिका काभ्रे, राम मन्दिर हो । परिवारमा उनीहरु पाँच दिदीबहिनी र दुई भाइ छन् ।  विवाह भएको केही दिनपछि नै उहाँहरू काठमाडौं आउनु भयो । श्रीमान्को जाँडरक्सी खाने बानी रहेछ । विवाह भएको पहिलो दोस्रो महिनामा अलिअलि खाने उनको श्रीमान्ले विस्तारै विस्तारै धेरै नै खान थाल्नुभयो । भन्नहुन्छ-"बुढोलाई जति सम्झाउँदा पनि जाँडरक्सी खाने लत छोड्न सक्नुभएन । मेरो कर्ममा नै यस्तै लेखेको रहेछ भनेर चित्त बुझाउँन थालें । त्यसपछि अर्काको घरमा भाँडा माज्ने काम गर्न थालें । सुरूमा महिनाको ५० रूपैयाँ तलब लिएर काम गरें । अहिले एउटा घरमा काम गरेवापत चार हजार लिने गरेकी छु । मेरो काम गर्ने ठाउँ ठिकै छ । मैले लामो अवधिसम्म यही पेशामा रहेर काम गरें । त्यसकारण मलाई यही काम गर्न रमाइलो लाग्छ । मेरो श्रम पनि श्रम हो भन्ने बुझेकी छु ।"

**महिलाको श्रमको सम्मान**
**राष्ट्र गौरवको अभियान**

Tarangini foundation

घरेलु श्रमिकको रूपमा माइली तामाङले काम गरेको २९ वर्ष भइसकेको छ । लामो समय एउटै पेशामा संलग्न भएर काम गर्नुभयो । अहिले उहाँ अलिक रोगी हुनुभएको छ । माइली तामाङको जिउ सुन्निएको छ । त्यसकारण पहिलेजस्तो काम गर्न कठिन हुन्छ ।

माइली तामाङका दुई जना छोरा र दुई जना छोरीहरू छन् । सबै सन्तानलाई उहाँले घरेलु श्रम गरेर कमाएकै आम्दानीले हुर्काउनुभयो, पढाउनुभयो । अहिले ती सबै छोराछोरीहरू आफै गरीखाने भएका छन् । एउटा सानो छोरो पढिरहेको छ, उसलाई पनि दिदीहरू र दाइले पढाइरहेका छन् । माइली तामाङलाई पनि आवश्यक पर्दा छोराछोरीले नै सहयोग गरिरहेका छन्। यसरी माइली तामाङको जीवन बितिरहेको छ ।

## संघर्षको कथा



मेरो नाम संगम (परिवर्तित नाम) हो । म काभ्रे जिल्लामा बस्छु । मेरो माइतीघर सिन्धुपाल्चोक जिल्ला हो । मेरी आमाले १२ जना सन्तानलाई जन्म दिनु भयो तर सबैजना बाँचेनन् । हामी चारजना सन्तान मात्रै बाच्यौं । परिवारको आर्थिक स्थिति त्यति राम्रो नभए पनि आमाले हामी सन्तानलाई धेरै काम लगाउनु भएन । खै किन हो, हामीलाई केही दुर्घटना हुन्छ कि भन्ने एक प्रकारको डर आमाको मनभित्र सधैं रहिरह्यो । सायद सन्तान गुमाउनुको पीडा आमालाई थाहा थियो । घर, खेत र सबै व्यवहार आमा र बाबाले नै गर्नु हुन्थ्यो । आर्थिक विपन्नताको कारण विद्यालय जाने मौका मिलेन मलाई । म शिक्षा आर्जन गर्नबाट वञ्चित भएँ ।

विद्यालय पनि जानु नपर्ने, घरखेतको काम पनि त्यति गर्नु नपर्ने भएकाले मेरो समय अधिकांश फोन मै बित्थ्यो । फोन गर्दागर्दै मेरो परिचय मेरो श्रीमान्सँग भयो । प्रत्येक दिनको वार्तालापले हामी प्रेममा पर्‍यौं । त्यसको केही समयपछि हामीले विवाह पनि गर्‍यौं । १५ वर्षको कलिलो उमेरमा नै विवाह गरियो । अन्तरजातिय विवाह भएको कारण घरमा हामीलाई सहर्ष स्वीकार्य भएन । आमाजुले म दलित जातको भनेर सधैं अपहेलना/तिरस्कार गर्नुभयो ।

विवाह गरेको केही समयपछि श्रीमान् पनि बिरामी पर्नु भयो । घरको आर्थिक अवस्था त्यति राम्रो थिएन । काठमाडौंमा उपचार गर्न त मैले नै लगें । घरेलु श्रमिक भएर अरूको घरमा भाँडा माझें, लुगा धोएँ । धेरै दु:ख गरेर श्रीमान्लाई बचाउन सफल भएँ । आर्थिक अभाव थियो, श्रीमान् पनि बिरामी भएकाले गर्दा मैले परिवार पाल्न पनि कमाउनु पर्ने थियो । बच्चाबच्ची ठुला हुँदै थिए, उनीहरूको शिक्षा र लालनपालन गर्ने जिम्मेवारी एकातिर थियो भने अर्कातिर ऋणको बोझ थियो । त्यसकारण पनि मैले विकल्पका रूपमा विदेश जाने निर्णय गरें ।

कोविड-१९ को समय थियो । एकजना गाउँकै एजेन्टमार्फत "ओमान" गएँ । ओमानमा मैले डेढ वर्ष बिताएँ । दिल्ली हुँदै, दुवई पुर्‍यायो । दुवईमा एक महिना थुनेर राखेपछि बल्ल गन्तव्य मुलुक ओमान पुगियो । विदेशमा त हामी

महिलालाई बेचिदों रहेछ । यहाँबाट एजेन्टहरूले फ्रीमा लग्ने खाडी मुलुक पुऱ्याएपछि कमिसन खाएर बेच्ने गर्दा रहेछन् । नेपालमा जे जे भनेर लोभ देखाएर लगिन्छ वास्तवमा त्यसो नहुँदो रहेछ, यहाँ भने जति तलव पनि नहुने ।

मलाई त तीन वटा घरमा बेचियो । पहिले एजेन्सीले एउटा घरमा लगेर राख्यो । त्यहाँ एक महिना काम गरें, फेरि त्यहाँबाट पनि बेचियो, त्यस घरमा पनि केही महिना काम गरेपछि अर्को घरमा मलाई बेचियो । तेस्रो घरमा पुगेपछि भने मैले अलिक लामो समय बस्ने मौका पाएँ । त्यो घरमा जम्मा ९ जनाको परिवार थियो । म एक्लै काम गर्ने कामदार थिएँ । मैले नै लुगा धुने, भाँडा माझ्ने, सरसफाई गर्ने गर्नु पर्थ्यो। त्यहाँ घरमै बिस्किट, केक, रोटी बनाएर अन्त बेच्न लाने रहेछ, त्यो पनि काम गर्नुपर्ने । सबै काम गर्दा गर्दा रात बित्थ्यो । जम्मा जम्मी ३ घण्टा मात्रै सुत्थें म, कहिले त त्यो पनि पाइन्नथ्यो । खाना एक छाक मात्रै दिने, काम राम्रो भएन भनेर पिट्ने गर्थ्यो । फोहोर फाल्न जाँदा ढिलो आइस भनेर घरभित्र छिर्न नदिएर दुईदिनसम्म बाहिर राखेको छ । म विदेशको ठाउँमा भोकै र तिर्खै बसेकी छु ।

आफन्तलाई फोन गर्न पाइन्न थियो । एक दिन मैले शौचालयबाट लुकेर दुताबासमा फोन गरें । मलाई यो घरमा अन्याय भएको छ, खाना नदिने, पिट्ने गर्छन्, मलाई नेपाल फर्काइयोस् भनेर बिन्ति गरें । तर, दुताबासले जेसुकै भए पनि सहेर २ वर्षसम्म काम गर, काम नगर्ने भए किन आएको त भनेर उल्टै गाली गऱ्यो । मैले पटक पटक दुताबासमा फोन गर्दा पनि मेरो उद्धार हुन सकेनँ । विवश/बाध्य भएर त्यही घरमा काम गर्नु पऱ्यो मैले ।

त्यो घरको कान्छो छोराको विवाह भएको नौ वर्षमा पनि बच्चा भएका थिएनन् । मलाई एउटा बच्चा पाइदे अनि तँ नेपाल जा भनिरहन्थ्यो । मैले मानेकै थिइनँ । मलाई सधैं त्यो घरमा बस्न डर लाग्थ्यो । त्यही भएर पनि मैले दुताबासमा फोन गरेकी थिएँ ।

रमादानको दिन थियो । त्यो घरकी आमा माइती गएकी थिइन् । सबै पाहुनाहरू पनि रमादान मनाएर घर फर्किसकेका थिए । त्यो मान्छेले (कान्छो छोरोले) मलाई मेरो कोठा सफा गर भन्यो । म कोठा सफा गर्न थालें । त्यहाँका मान्छेहरूले रूम फ्रेसनर प्रयोग गर्छन् । त्यही छर्के जस्तो लाग्यो मलाई । म बेहोस् भएछु, ५ घण्टा पछि ब्युझिएँ । ब्युझिदाँ मलाई पीडा भएको थियो, योनी दुखिरहेको र अफ्ठ्यारो भएको थियो । मैले कसैलाई केही भन्न सकिनँ । महिना दिन बित्यो, मलाई महिनावारी भएन । चार महिना बितेपछि बच्चा पेटमा चल्न थाल्यो । मैले घरमा कसैलाई मेरो हालतको बारेमा बताउँन सकिनँ । श्रीमान् पनि मलेशियामा हुनुहुन्छ ।

आमा हस्पिटलमा अन्तिम अवस्थामा हुनुहुन्छ भनेर यताबाट दाजुले फ्याक्स गरिदिएपछि मलाई त्यहाँबाट नेपाल पठाए तर ३ महिनाको तलब रोक्का गरेर । म नेपाल आउँदा पेटमा बच्चा सात महिनाको थियो । मसँग घर आउनका लागि ओमानी १५ रूपैयाँ मात्रै थियो । त्यही साटेर यहाँसम्म आइपुगें । विदेशबाट आउँदा बच्चाहरूलाई एउटा चकलेटसम्म ल्याउँन सकिनँ ।

घर आएपछि मान्छेहरूले मेरो शरीर देखेर शंका गर्न थाले । आएको दुई महिनापछि बच्चा (छोरी) जन्म्यो । त्यसपछि त मलाई हेर्ने दृष्टिकोण नै अपराधीको जस्तो भयो । छरछिमेकीहरू अहिले पनि कोही बोल्दैनन् । घरबाट आमाजुले निकाल्न खोज्नु भयो, अहिलेसम्म पनि बोलचाल छैन । विदेशमा मोज गरेर आइस्, मेरो भाइलाई फसाइस्, दुनियाँ नाठो खेलाएर आइस् भनेर लाञ्छना लाउँछन् । यस्ता लाञ्छना बारम्बार दोहोरिने गर्छन् । यस्ता बारम्बार लगाइने

लाञ्छनाले गर्दा मन खिन्न हुन्छ । मानसिक तनाव भइरहने रहेछ, सही निर्णय गर्न नसकिने, एक्लो भएको महसुस हुने रहेछ । आफैलाई दोष दिएर बस्ने गर्छु, रून मन लागिरहने सबै कुरा सम्झिदाँ ।

म सहेर बसेकी छु । मलाई मेरो श्रीमान्ले माया गर्छन् । तेरो गल्ती हैन, जे भयो भयो, नराम्रो कुरा मनमा नखेलाउनु, म आएपछि अन्तै कतै बसाइँ सरौंला, अहिलेको लागि सहेर बस् भनेका छन् । म उनकै कारणले बाँचेकी छु, नत्र म पहिले नै मरिसकेकी हुने थिएँ । तर, समाजले विदेश गएर आएका महिलालाई अझ म जस्ता महिलालाई त घृणा नै गर्ने गर्छ । म यस्तो अवस्थामा नेपाल फर्किनु मेरो रहर हैन, बाध्यता हो भनेर घरपरिवार र समाजले बुझिदिनु पर्छ । कसैलाई पनि रहर हुँदैन, अवैध सन्तान जन्माउने, समाजबाट तिरस्कृत हुने । हुन त सबैको श्रीमान् मेरो जस्तो हुँदैनन् होला । तर, म जस्ता आपतमा परेका महिलाहरूलाई बचाउँन र घरपरिवार अनि समाजको उपेक्षाबाट बचाउँन पनि माया गर्ने र दु:खमा साथ दिने श्रीमान्, आफन्त चाहिने रहेछ अनि तपाईं जस्ता सकारात्मक विचार बोकेका मान्छे पनि ।

खै के भनौं? हामी जस्ता गरिबहरूको लागि सरकार छ भन्ने नै विश्वास लाग्दैन । सरकार थियो भने त मैले दुताबासमा फोन गरेर मलाई नेपाल फर्काइयोस् भन्दा फर्काउँथ्यो होला नि । पहिले नै म नेपाल आउन पाएको भए, मैले बलात्कृत हुनु पर्ने थिएनँ । समाजले मलाई बहिष्कार गर्ने थिएनँ ।

तै पनि, भन्नै पर्छ भने, नेपाल सरकारले गरिबहरूलाई पनि स्वदेशमै बाँच्ने वातावरण निर्माण गरिदेओस्, रोजगारीमा गरिबको पनि पहुँच होस्, महँगी कम होस् । अनि विदेश जानेहरूका लागि व्यवस्थित नीति बनाओस् । अफठ्यारोमा परेकाहरूलाई दुताबासद्वारा चाँडै उद्धार गरिदिओस् ।



**मेसिन हुँ रे म त**

भित्ताको घडी नबज्दै जाग्छु
हिजोको भारीले म कहाँ थाक्छु?
तीनतले घर सरसफाइ गर्छु
खाना बनाउँछु, पस्केर बोलाउँछु
बोकेर झोला अफिस निस्कन्छु

सोचेर मनमा,
भोलि त चाडैं नै काम सक्छु
मलाई तिर्खा लाग्दैन, पसिनाले नै अघाउँछु
जब साँझपर्छ म कामले तात्छु
भन्नुहुन्छ उहाँ मेसिन हुँ रे म त
म कसरी थाक्छु?




**सिङ्गल लाइफ**

कुनै रात मैले कतै काट्या छैन
तिम्रो कसम मरिजाउँ, मैले ढाट्या हैन
बार बार प्रष्टिकरण दिनै नपर्ने
कोसँग कहाँ थिएँ अनि किन भन्नै नपर्ने
स्वतन्त्र छ जिन्दगी यो जता उडे पनि
धर्ती छोडी माथि गई गगन चुमे पनि

हिजो राती कहाँ थिए, आज राती कहाँ हुने?
ऊसँग या उनीसँग कोसँग साथ हुने?
फैसला यो जिन्दगीको लिनलाई सोच्नै नपर्ने
ला... मार्छहोला उसले भनी बिनासित्ति चिन्तित हुनै नपर्ने
यही त रहेछ, जिउने मज्जा सिङ्गल लाइफको